nepalpostdaily .com

# नेपाल पोष्ट डेली
दैनिक

19°C । वर्ष :११, अंक : १४६ पृष्ठ ४ । बिहीबार १५ माघ २०८२ । THURSDAY, JANUARY 29, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## चुनावी मौसममै "जनताको साथी" बन्ने प्रयासमा अनिल रुगटा पर्सा-१ का जनताले अब स्वीकार नगर्ने संकेत




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१४ माघ ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर-१ बाट नेपाली कांग्रेसका उम्मेदवार अनिल रुगटा चुनावी मैदानमा देखिए पनि स्थानीय स्तरमा उनको सक्रियतामाथि प्रश्न उठ्न थालेको छ। लामो समय व्यवसायिक क्षेत्रमा सीमित रहेका रुगटा चुनाव नजिकिँदै गर्दा मात्र महानगरदेखि गाउँ-गाउँसम्म पुग्न थालेका हुन्। आफूलाई 'नेता होइन, जनताको साथी' बताउने रुगटाले विगतमा भने जनताको सुख-दुःखमा देखिने अवसर पाएका थिएनन् भन्ने स्थानीयहरूको गुनासो छ। व्यवसायमा सफलता हासिल गरे पनि जन्मभूमिको अवस्था देखेर राजनीतिमा आएको दाबी गर्ने रुगटाले यसअघि पर्सा-१ का समस्याप्रति खासै चासो नदिएको आरोप लाग्दै आएको छ। रुगटाले सबै वडाका समस्या पहिचान गरिसकेको दाबी गरे पनि ती समस्या पहिल्यैदेखि स्थानीय तह, किसान र जनप्रतिनिधिहरूले उठाउँदै आएको विषय भएको जानकारहरूको भनाइ छ। चुनावी घोषणामा सीमित योजना र दीर्घकालीन प्रतिबद्धताको अभाव देखिएको टिप्पणी पनि हुन थालेको छ। कृषि उपजको बजार समस्या, युवाको पलायन, शिक्षा र स्वास्थ्य

बाँकी तेश्रो पृष्ठमा⇨

## बारामा आमा-छोरा हत्या प्रकरण: बुहारी र दुबईबाट फर्किएका युवक पक्राउ



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१४ माघ ।**

बाराको परवानीपुर गाउँपालिका-१ रहरियाडीमा ४६ वर्षीया सुमित्रा देवी मण्डल र उनका २४ वर्षीय छोरा रामेश्वर मण्डलको हत्या प्रकरणमा प्रहरीले बुहारी र एक युवकलाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय बाराका एसपी नरेन्द्र कुँवरका अनुसार, बुधबार बिहान धारिलो हतियार प्रहार गरी आमा-छोराको हत्या गरिएको थियो। घटनास्थलमा दुवैको मृत्यु भएको थियो भने आक्रमणमा परेर ५० वर्षीय श्रीमान् जगरुप मण्डल र २२ वर्षीया छोरी रिना कुमारी मण्डल घाइते भएका छन्। घाइतेहरूको उपचार एलएसआर न्यूरो अस्पताल परवानीपुरमा भइरहेको छ। प्रहरी स्रोतका अनुसार पक्राउ परेका युवक हालै मात्रै, माघ १२ गते, दुबईबाट नेपाल फर्किएका थिए। दुबईको शारजाह विमानस्थल ओर्ले लगत्तै उनी बारामा पुगेका थिए। अनुसन्धानबाट बुहारी र युवकको मिलेमतोमा योजनाबद्ध रूपमा आमा-छोराको हत्या भएको आशंका गरिएको छ। एक अनुसन्धान अधिकृतका अनुसार, "बुहारीसँग ती युवकको विवाह सम्बन्ध रहेको छ। परिवारभित्रको विवादपछि उनीहरूले हत्या योजनाबद्ध रूपमा अंजाम दिएको देखिन्छ। थप विवरण अनुसन्धानबाट स्पष्ट हुनेछ।" प्रहरीले घटनाको सम्पूर्ण विवरण पत्ता लगाउन अनुसन्धान जारी राखेको छ।

## नेकपा एमाले बीरगन्ज महानगर कमिटीको बैठक सम्पन्न



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१४ माघ ।**

नेकपा एमाले वीरगन्ज महानगर कमिटीको चौथो पूर्ण बैठक सम्पन्न भएको छ। बैठक महानगर कमिटीका कार्यबाहक अध्यक्ष लियाकत अलिको अध्यक्षतामा तथा पार्टीका केन्द्रीय सदस्य विजय कुमार सरावगीको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो। महानगर इन्चार्ज विचारी यादवको संयोजकत्वमा सम्पन्न बैठकमा आगामी निर्वाचनलाई लक्षित गर्दै संगठन सुदृढीकरण, कार्यकर्ता परिचालन तथा निर्वाचन रणनीतिबारे विस्तृत छलफल गरिएको थियो। बैठकले निर्वाचनलाई प्रभावकारी बनाउन ५५१ सदस्यीय नेकपा एमाले वीरगन्ज महानगर निर्वाचन परिचालन समिति गठन गर्ने निर्णय गरेको छ। बैठकमा पार्टीको समसामयिक राजनीतिक अवस्था, संगठन विस्तार र जनआधार मजबुत बनाउने विषयमा नेताहरूले आ-आफ्नो धारणा राखेका थिए। सहभागी नेताहरूले आगामी निर्वाचनमा पार्टीलाई विजयी बनाउन सबै तहका कार्यकर्ताले एकताबद्ध भएर सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका थिए। बैठकमा पर्सा निर्वाचन क्षेत्र नं. १ का. उम्मेदवार प्रदीप यादव, क्षेत्र नं. २ की उम्मेदवार रिमा यादव, क्षेत्र नं. ३ का उम्मेदवार रुपेश पाण्डेलगायत पार्टीका केन्द्रीय, जिल्ला तथा महानगर तहका नेता-कार्यकर्ताहरूको उल्लेख्य उपस्थिति रहेको थियो। बैठकले निर्वाचन परिचालन समितिको गठनसँगै अन्य आवश्यक संगठनात्मक तथा रणनीतिक निर्णयहरू पनि पारित गरेको छ। नेकपा एमालेले वीरगन्ज महानगर क्षेत्रमा निर्वाचन केन्द्रित गतिविधि थप तीव्र बनाउने जनाएको छ।

## विन्दवासनीमा रास्वपा उम्मेदवार कानुको घरदैलोमा



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१४ माघ ।**

पर्सा क्षेत्र नं. २ अन्तर्गत विन्दवासनी क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा उम्मेदवार सुशिल साह कानुले घरदैलो कार्यक्रम सञ्चालन गर्नुभएको छ। स्थानीय तहमा संगठन विस्तार र जनसम्पर्क सुदृढ गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा युवासहित स्थानीय बासिन्दाको उल्लेख्य सहभागिता रहेको थियो। घरदैलोका क्रममा उम्मेदवार कानु र पार्टी प्रतिनिधिहरूले विभिन्न टोल-बस्तीमा पुगेर स्थानीय नागरिकसँग प्रत्यक्ष संवाद गरेका थिए। भेटघाटका क्रममा स्थानीयले रोजगारी, शिक्षा, स्वास्थ्य सेवा, खानेपानी, सडक तथा आधारभूत पूर्वाधारका समस्याबारे आफ्ना गुनासा र सुझाव राखेका थिए। पार्टी प्रतिनिधिहरूले स्थानीयका समस्या गम्भीरतापूर्वक सुन्दै तिनलाई आगामी नीति तथा कार्यक्रममार्फत सम्बोधन गरिने प्रतिबद्धता व्यक्त गरेका छन्। यस अवसरमा रास्वपाले पारदर्शी शासन, सुशासन र जवाफदेही राजनीतिको माध्यमबाट जनअपेक्षाअनुसारको विकास गर्ने लक्ष्य लिएको स्पष्ट पारेको थियो। "अबको परिवर्तन युवाको नेतृत्व" भन्ने नारासहित सम्पन्न कार्यक्रममा युवाहरूको उत्साहजनक सहभागिता देखिएको पार्टीले जनाएको छ। रास्वपाका अनुसार यस्ता घरदैलो कार्यक्रमले जनताको वास्तविक अवस्था बुझ्न सहयोग पुग्ने विश्वासका साथ आगामी दिनमा पनि अभियानलाई निरन्तरता दिइनेछ।

## बीरगन्जको मितेरीपुल क्षेत्रमा नवनिर्मित सीमा सुरक्षा पोष्टको समुद्घाटन



**बीरगन्ज,१४ माघ ।**

बीरगन्ज महानगरपालिका-स्थित मितेरीपुल क्षेत्रमा नवनिर्मित सीमा सुरक्षा पोष्टको भव्य समुद्घाटन सम्पन्न भएको छ। यो पोष्ट बीरगन्ज महानगरपालिकाको सहयोग, ग्रिन सिटी सामुदायिक सेवा केन्द्र र सशस्त्र प्रहरी बल नेपाल नं.-१३ गण, हे.क्वा.को सहकार्यमा सञ्चालन भइरहेको "मितेरीपुल सीमा सौन्दर्यकरण कार्यक्रम" अन्तर्गत निर्माण गरिएको हो। समुद्घाटन कार्यक्रम नगर प्रमुख मेयर राजेशमान सिंहको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नं.-१३ गणका प्रमुख एसपी पुरण चन्द भट्ट विशिष्ट अतिथिका रूपमा उपस्थित थिए। त्यसैगरी विशेष अतिथिहरूमा जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी भोला प्रसाद दहाल, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रमुख एसपी सुदिप राज पाठक, जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक युवराज कटवाल, वडा प्रहरी कार्यालय बिर्ताका प्रमुख प्रहरी निरीक्षक विक्रम सुबेदी लगायत उपस्थित थिए। कार्यक्रममा सञ्चारकर्मीहरू र विभिन्न क्षेत्रका प्रतिनिधिहरूको समेत उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रमका प्रमुख अतिथिहरूले संयुक्त रूपमा बेलुन उडाएर सीमा सुरक्षा पोष्टको औपचारिक समुद्घाटन गरेका थिए। नगर प्रमुख मेयर राजेशमान सिंहले समुद्घाटन समारोहमा बोल्दै मितेरीपुलजस्तो अन्तर्राष्ट्रिय सीमाक्षेत्रमा आधुनिक सुरक्षा पोष्ट निर्माण हुनु सीमा सुरक्षा सुदृढ गर्न, अव्यवस्थित गतिविधि नियन्त्रण गर्न, आवागमन व्यवस्थापन सुधार गर्न र नगरको सौन्दर्य अभिवृद्धि गर्न महत्वपूर्ण भएको बताए। उनले स्थानीय सरकार, सुरक्षा निकाय र समुदायबीच सहकार्यले दिगो विकास र सुरक्षित सीमाक्षेत्र सुनिश्चित गर्न सक्नेमा विश्वास व्यक्त गरे। विशिष्ट अतिथि एसपी पुरण चन्द भट्टले सशस्त्र प्रहरी बल सधैं सीमा सुरक्षा र शान्तिमा प्रतिबद्ध रहेको उल्लेख गर्दै स्थानीय तहसँग सहकार्यले सुरक्षा व्यवस्था अझ प्रभावकारी हुने बताए

## विरासत जोगाउने रणनीतिमा पूर्वमन्त्री हृदयेश त्रिपाठी



**नवलपरासी,१४ माघ ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) क्षेत्र नम्बर-१ मा चुनावी माहोल तातेको छ। दशकौँदेखि यस क्षेत्रको राजनीतिक नेतृत्व गर्दै आउनुभएका पूर्वमन्त्री हृदयेश त्रिपाठी विकासका एजेण्डा र आफ्नै राजनीतिक विरासतसहित पुनः चुनावी मैदानमा उत्रिनुभएको छ। जनता समाजवादी पार्टी (जसपा) सँगको सहकार्यमा उम्मेदवार बनेका त्रिपाठी आफ्नो लामो संसदीय अनुभवलाई मुख्य आधार बनाएर मतदाताको घरदैलोमा पुगिरहनुभएको छ। **चार दशकको संसदीय यात्रा** वि.सं. २०४८ सालदेखि संसदीय राजनीतिमा सक्रिय रहनुभएका त्रिपाठी यस क्षेत्रबाट २०४८, २०५१, २०५६ र २०७४ सालको निर्वाचनमा विजयी हुनुभएको छ। यसपटक उहाँ जसपाको तर्फबाट निर्वाचनमा होमिनुभएको हो। त्रिपाठीले विभिन्न समयमा स्वास्थ्य तथा जनसङ्ख्या, सङ्घीय मामिला तथा सामान्य प्रशासन र भौतिक पूर्वाधार जस्ता महत्त्वपूर्ण मन्त्रालयको नेतृत्व गरिसक्नुभएको छ। स्वास्थ्य क्षेत्रमा योगदानलाई चुनावी आधार यस निर्वाचनमा त्रिपाठीले आफ्नो प्रमुख उपलब्धिका रूपमा स्वास्थ्य मन्त्री हुँदा जिल्लामा गरेको कामलाई अगाडि सारेका छन्। कोभिड-१९ महामारीका क्रममा पृथ्वीचन्द्र अस्पतालको सेवा विस्तार र क्षमता अभिवृद्धिमा उहाँको भूमिका उल्लेखनीय रहेको दाबी गरिन्छ। उहाँकै पहलमा अस्पतालमा अक्सिजन प्लान्ट जडान, आधुनिक शय्या व्यवस्थापन, आईसीयू, भेन्टिलेटर तथा डायलासिस सेवाका लागि आवश्यक उपकरण उपलब्ध गराउन केन्द्रबाट नीतिगत र बजेटरी सहजीकरण भएको बताइन्छ। "यो क्षेत्रको भूगोल र जनभावनालाई मैले नजिकबाट बुझेको छु। मन्त्री हुँदा मात्र होइन, जुनसुकै भूमिकामा रहे पनि नवलपरासीको विकास मेरो प्राथमिकता रह्यो," त्रिपाठीले चुनावी सभामा भन्नुभएको छ। यद्यपि, लामो समय सत्ता र मन्त्रालयको नेतृत्व गरे पनि क्षेत्रको समग्र विकास अपेक्षाअनुसार नभएको भन्दै उहाँ आलोचनाको घेरामा हुनुहुन्छ। पूर्वाधारमा सुस्तता : सडक, पुल र भौतिक पूर्वाधारका ठूला आयोजना अपेक्षित रूपमा अघि बढ्न नसकेको र कतिपय ग्रामीण क्षेत्र अझै आधारभूत सुविधाबाट वञ्चित रहेको विपक्षीहरूको आरोप छ। बारम्बार दल परिवर्तन : पटक-पटक दल परिवर्तन गरेको भन्दै त्रिपाठीको वैचारिक स्थिरतामाथि पनि प्रश्न उठ्दै आएको छ, जसले चुनावी अभियानमा दबाब सिर्जना गरेको देखिन्छ।

**नेपाल पोष्ट डेलीका लागि**

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगन्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०

# सम्पादकीय

## निर्वाचनमा शान्तिसुरक्षा

प्रतिनिधि सभा सदस्यको निर्वाचन आउन ३६ दिन बाँकी छ । निर्वाचन मिति नजिकिँदै जाँदा सबैको ध्यान निर्वाचनमा केन्द्रित भएको छ । निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष, स्वतन्त्र, धाँधलीरहित र निर्भय बनाउन राज्यको सम्पूर्ण संयन्त्र परिचालनको गृहकार्य भइरहेको छ । नवयुवा पुस्ता (जेनजी) आन्दोलनका कारण हुन गइरहेको यो आकस्मिक निर्वाचनको विशेष अर्थ र महत्व रहेको छ । मुलुकमा सुशासन र भ्रष्टाचारमुक्त समाज निर्माणका लागि भएको आन्दोलनको मूल मर्म र भावनालाई आत्मसात् गर्दै निर्वाचनबाट प्राप्त हुने जनादेशले अग्रगामी निकास दिने अपेक्षा गरिएको छ । मुलुक एकल प्रयासले बन्दैन, सबै मिल्नुको विकल्प छैन । सबैको सहकार्य र सहअस्तित्वले मात्र सभ्य, सुसंस्कृत, समृद्ध र समावेशी राष्ट्रनिर्माण गर्न सकिन्छ । राष्ट्रिय चरित्र निर्माण गर्न नसक्दा, भ्रष्टाचार नियन्त्रण गरी सुशासनको अनुभूति आमनागरिकले गर्न नपाएकै कारण जेनजी आन्दोलनका रूपमा असन्तृष्टि र विद्रोह भएको हो । यो विद्रोहले खोजेको परिवर्तनलाई संस्थागत गर्ने मुख्य आधार भनेकै ताजा जनादेश हो । त्यसैका लागि पूर्वप्रधान न्यायाधीश सुशीला कार्की नेतृत्वमा अन्तरिम सरकार बनेको छ । यो सरकारको प्रमुख कार्यभार आउँदो फागुन २१ मा आमनिर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नु हो । निर्वाचन केवल प्राविधिक प्रक्रिया मात्र होइन, यो लोकतान्त्रिक संस्थाको जीवन्तता, राजनीतिक दलको उत्साहपूर्ण सहभागिता र मतदाताको विश्वास आर्जन गर्ने अवसर पनि हो । जेनजी आन्दोलनका क्रममा भएको हिंसा, आगजनी, तोडफोड र अराजक गतिविधिले सुरक्षा निकाय, कर्मचारी, उद्योगी व्यवसायीको खस्केको मनोबल उठाउन सरकारले छोटो समयमै गरेको अथक प्रयत्नले मुलुकमा सहजै निर्वाचन हुने वातावरण बनेको हो । निर्धारित समयमै चुनाव हुन्न कि भन्ने आशङ्का मेटिएको छ । राष्ट्रिय सभाको एक तिहाइ सदस्यका लागि निर्वाचन सम्पन्न भई परिणामसमेत सार्वजनिक भइसकेको छ । प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सबै पक्ष तयारीमा जुटेका छन् । शान्तिपूर्ण र मर्यादित ढङ्गले उम्मेदवारी दर्ता गराउने र अन्तिम नामावली प्रकाशित गर्ने काम सम्पन्न भइसकेको छ । समानुपातिकतर्फको मतपत्र छपाइ सकिएको छ । प्रत्यक्ष निर्वाचनतर्फको मतपत्र छपाइ सुरु भएको छ । उम्मेदवारको मनोनयनसँगै निर्वाचनको सरगर्मी बढेको छ । त्यसका लागि थप सुरक्षा सतर्कता अपनाइएको छ । विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारबिच हुने चुनावी कार्यक्रम, उम्मेदवारको आवतजावत र बसाइमा कुनै पनि सुरक्षा चुनौती नहोस् भनी सुरक्षा निकायको परिचालन गरिएको गृह मन्त्रालयले जनाएको छ । निर्वाचनको मिति नजिकिँदै गर्दा निर्वाचन सुरक्षा तयारीसँगै उम्मेदवारको सुरक्षालाई विशेष प्राथमिकतामा राखेर सुरक्षा निकाय परिचालन गरिएको छ । निर्वाचन सुरक्षालाई त्रुटिरहित बनाउन गृह मन्त्रालयले एकीकृत सुरक्षा योजना तयार पारी कार्यान्वयन नै गरिसकेको छ । कुनै पनि उम्मेदवारले सुरक्षाको कुनै चिन्ता नगरी निर्वाचन आयोगले जारी गरेको आचारसंहितामा रहेर निर्वाचन गतिविधि सञ्चालन गर्ने वातावरण बनेको छ । जुनसुकै पार्टीका उम्मेदवार वा स्वतन्त्र उम्मेदवारले पनि आफ्नो सुरक्षामा शङ्का गर्नुपर्ने अवस्था छैन । कुनै शङ्कास्पद गतिविधि देखिए तत्काल सम्बोधन गर्ने गरी सुरक्षा तैनाथी भइसकेको छ । निर्वाचनको समग्र सुरक्षासँगै उम्मेदवारको सुरक्षाका लागि नेपाल प्रहरीले केन्द्रदेखि जिल्ला तहसम्म निर्वाचन सेल गठन गरी उपत्यकामा एक, प्रदेश तहमा एक र प्रदेश प्रहरी कार्यालय तथा जिल्ला तहमा गरी ९३ वटा निर्वाचन सेल गठन भइसकेका छन् । उम्मेदवार विशेष सुरक्षाका लागि जिल्ला सुरक्षा समितिमार्फत विशेष टोली नै परिचालन गरिएको छ । उम्मेदवारको सुरक्षामा कुनै पनि समस्या सिर्जना नहोस् भन्ने उद्देश्यले सम्भावित क्षेत्र र स्थानमा सादा पोसाकका प्रहरी परिचालनसमेत भइसकेको छ । सबै उम्मेदवारको सुरक्षाका लागि आवश्यक प्रहरी खटाइएको छ । कतिपय चर्चित र प्रभावशाली उम्मेदवारका लागि वरिष्ठ प्रहरीको कमान्डमा आवश्यक जनशक्तिको व्यवस्था गरिएको छ । कुनै उम्मेदवारले सुरक्षा चुनौतीको अनुभूति गरे वा शङ्कास्पद गतिविधि गरेको पाइएमा नजिकैको प्रहरीलाई खबर गरे तत्काल कारबाही अघि बढाइने व्यवस्था मिलाइएको छ । निर्वाचनलाई प्रभावित गर्न र एकअर्काबिच सामाजिक सञ्जालबाट व्यक्त हुने घृणास्पद अभिव्यक्ति नियन्त्रणका लागि प्रत्येक निर्वाचन सेलमा आइटीविज्ञ प्रहरीसमेत परिचालन गरिएको छ । मन्त्रालयले कार्यान्वयनमा ल्याएको एकीकृत निर्वाचन सुरक्षा योजना अनुसार निर्वाचन अघि, निर्वाचन अवधि र निर्वाचनपछि सुरक्षा रणनीति र तयारी भइसकेको जनाएको छ ।

# चुनाव : एक रमाइलो अभ्यास



**अस्मिता विष्ट**

दशमा चुनावी माहोल छ । राजनीतिशास्त्रीहरू चुनावलाई उत्सव भन्छन् । उत्सव अर्थात् खुसी, उमंग र सामूहिक आनन्द व्यक्त हुने विशेष अवसर । यसमा मानिसहरू दैनिक जीवनको दौडधुप र थकानबाट बाहिर निस्किएर नाच-गान, मेला महोत्सव, कला-संस्कृति र आपसी मेलमिलापमार्फत रमाउँछन् । तर, हाम्रो चुनावी माहोल हेर्दा यस्तो उत्सवको छवि जति कल्पनामा छ, त्यति वास्तविकतामा छैन ।

यहाँ उत्सवभन्दा बढी राजनीतिक नाटक र अभिनय मञ्चन गरिन्छ । नेपालको चुनावी प्रतिस्पर्धामा केवल झूटो वाचा र अभिनय छैन, प्रतिस्पर्धीको छवि धुलिसात बनाउने प्रतिस्पर्धा पनि सामेल छ । र, त्यही शैली चुनावको विशिष्ट अस्त्र बनेको छ ।

प्रचार, मिडिया फुटेज, सामाजिक सञ्जाल पोस्ट र जनमत मोड्ने विभिन्न रणनीति समावेश गरेर हाम्रो देशलाई उज्यालो बनाउँछु भन्ने नेताहरूले आफ्ना प्रतिस्पर्धीलाई कमजोर देखाउन तिनको असफलता उजागर गर्ने र जनताको विश्वासमा शंका जगाउने कार्य धैर्यपूर्वक गरिरहेका छन् । यसरी, चुनावी मैदान केवल योजना कार्यान्वयन र विकासको विषय होइन, प्रतिस्पर्धीलाई ध्वस्त पार्ने रणनीति र छवि-युद्धको रंगमञ्च पनि बन्न गएको छ । उनीहरूले देखाएको यस्तो व्यवहारमाथि प्रश्न उठाउनेहरूको मुख थुन्न 'चुनाव प्रतिस्पर्धा हो, लडाइँ हो' भन्ने कुतर्क सधैं अघि सारिँदै आएको छ । 'एभ्रिथिङ इज फेयर इन लभ एन्ड वार' भन्ने भनाइलाई उनीहरू ढालझैं प्रयोग गरिरहेका छन् । तर, राजनीति न प्रेम हो, न युद्ध नै । राजनीति त देश र जनताप्रतिको गम्भीर जिम्मेवारी हो । यहाँ जित-हारभन्दा ठूलो विषय नैतिकता हो, चालभन्दा ठूलो विषय दायित्व हो । जहाँ जिम्मेवारी हुन्छ, त्यहाँ लाञ्छना, अभिनय र भ्रमको कुनै स्थान हुँदैन । 'प्रतिस्पर्धा चुनावको अपरिहार्य सर्त हो' भन्दा 'यो समाजलाई अझ गतिशील बनाउन प्रयोग गरिने सरल र पारदर्शी माध्यम हो' भनेर बुझ्नुपर्ने हो देशको बागडोर सम्हाल्न तत्पर मस्तिष्कहरूले । उनीहरूले बुझ्नुपर्ने हो– प्रतिस्पर्धा चाहे व्यक्ति होस् वा समाज– दुवैलाई अगाडि बढाउने ऊर्जा हो, एक प्रकारको इन्जिन हो । चुनावी मैदानमा उत्रिएका प्रत्याशीहरू त्यो इन्जिन चलाउने इन्जिनियर हुनुपर्ने हो । चुनावी उत्सवमा 'अब देशले मुहार फेर्छ' भन्ने उत्साह हुनुपर्ने हो । र, जनताको मुहारमा आशाको किरण सल्बलाउनुपर्ने हो । तर, जब-जब म यो माहोल नियाल्छु, देख्छु– चुनावी प्रत्याशीहरूको बुझिनसक्नु भाषा र भाव-भंगिमाभित्र निराशामा जेलिएका जनताका मलिन अनुहार । उनीहरू चरम अन्योलको अवस्थाबाट गुज्रिरहेका छन् । र, तिनको उदेकलाग्दो गतिविधि देखेर छुटेका रोदन-मिश्रित खित्का नै आजको चुनावी माहोलको वास्तविक स्वर बनेको छ । भनाइ छ– राजनीति फोहोरी खेल हो । तर, अहिले हाम्रो देशको चुनावी परिदृश्यले देखाउँछ– यो भनाइ फेरिएर नेपालमा 'राजनीति एउटा रमाइलो खेल' बनेको छ । विकासको गति शंखेकिराझैं सुस्त छ । नेताहरू स्वयं सत्ता नामक रूखमा च्याप्प टाँसिएका शंखेकिराझैं भए । देशका साधन-स्रोतमा प्वाल परिरह्यो, तर परिणाम देखिने गरी कुनै परिवर्तन आएन । यही असन्तुष्टिको विस्फोटले फागुन-२१ को चुनाव निम्त्याएको हो । तर, प्रश्न अझै बाँकी छ– ती शंखेकिरा झार्ने नुन कहाँ छ ? कि अझै धेरै शंखेकिरा थपिँदै भविष्यका पुस्तालाई केवल देश नामक ठुटो हस्तान्तरण गर्ने तयारी हुँदै छ ?

एन मक्लिनटकले आफ्नो निबन्ध 'प्रोपगान्डा टेक्निक्स इन टुडेज एड्भरटाइजिङ' मा भनेअनुसार, राजनीतिज्ञहरूले विभिन्न प्रचार-प्रविधि प्रयोग गरेर जनताको सोचलाई प्रभावित गर्छन् । कहिलेकाहीं यो ब्रेनवास जस्तो पनि हुन्छ र ती जनमत आफ्नो पक्षमा मोड्ने उद्देश्य पूरा गर्छन् । सायद अहिले त्यस सूचीमा अर्को प्रविधि थपिएको छ– अभिनय कला प्रदर्शन । यस कलामा केही नेताहरू चुनाव क्षेत्रमा जान्छन्, उखु बोक्छन्, ट्र्याक्टर चलाउँछन्, साइकल चढ्छन्, जेरी पकाउँछन् र ती सबै दृश्यलाई भिडियो बनाएर सामाजिक सञ्जालमा प्रसारण गर्छन् । पहिरन, केश-विन्यास र बोलीसमेत अब प्रचारको हतियार बनेको छ । नेताहरू आन्दोलनामा घाइते युवाको रगत लत्पतिएको जुत्ताको छाप भएको सारीमा देखा पर्छन्, कहिले भारतीय महिला नेताको जस्तो केश-विन्यास गर्छन् र सारीमा सजिन्छन् । कहिले टाउकोमा गम्छा बाँधेर आफू त्यही समुदायको हुँ भन्ने भ्रम छर्छन् । यिनका अभिनयको दर्शक भइरहँदा मेरो मनमा प्रश्नहरूले निरन्तर घोचिरहन्छन्– यदि कुनै विशेष भाषाको नक्कल गर्दा त्यो भाषा बोल्ने समुदायको अपमान हुन्छ भने केवल चुनाव जित्ने उद्देश्यले कुनै धर्म, जात वा समुदायको जस्तो पहिरन लगाउनु सम्मान हो कि अपमान ? यस्तो व्यवहार कुनै स्ट्यान्ड-अप कमेडियनको तल्लो स्तरको हास्य सिर्जना गर्ने प्रयासभन्दा फरक देखिँदैन ।

राजनीति जिम्मेवारीको क्षेत्र हो, कि अभिनयको रंगमञ्च ? चुनावी मैदानमा उत्रिएका प्रत्याशीको व्यवहार, पहिरन र क्रियाकलाप नियाल्दा देखिन्छ–उनीहरूले

बाँकी तेश्रो पृष्ठमा⇨

# कर्मचारीतन्त्रमा सुधार नभई सुशासन असम्भव

**रितेश पन्थी**

निर्वाचन आउन ४० दिन पनि बाँकि छैन । देशैभर सौहाद्रपुर्ण वातावरणमा उम्मेदवारी दर्ता भएकाले २१ फागुनमै निर्वाचन हुनेमा अब शंका गर्नुपर्ने आवश्यकता रहेन । अहिले सबैको मनमा देश बन्छ र बनाउनुपर्छ भन्ने भावना जागृत भएको छ । सबैमा देश बनाउने र सुशासन ल्याउने हुटहुटी देखिन्छ । यद्यपी बिर्सिन नहुने यथार्थ के हो भने, देशको स्थायी सत्ता भनिएको कर्मचारीतन्त्र (ब्युरोक्रेसी) मा सुधार नगरी यो सुशासनको रटान केवल रटानमै सिमित हुने डर छ । पात्र फेरिएर मात्र बिद्यमान संरचना एकाएक फेरिन्छन् भन्ने पनि होइन । चुनावबाट सरकार बनाउन खोज्ने दलले कर्मचारीलाई बिश्वासमा लिएर ठूलो सुधार गर्नुपर्ने छ । यस आलेखमा यसै विषयमा चर्चा गर्न खोजिएको छ । हामोमा देशको व्युरोक्रेसिले हरेक अवस्थामा सहयोग गरेको छ । २४ गते सेनाले रातिबाट परिस्थिति शान्त गर्न सक्नुमा पनि ब्युरोक्रेसीकै भूमिका उल्लेखनीय रह्यो । नभए नेताहरु त व्यारेकमै लुकेको अवस्था थियो । कर्मचारीतन्त्रमा निजामती कर्मचारी मात्र नभएर सुरक्षा निकायका कर्मचारी र संगठित संस्थाका कर्मचारी समेतलाई हेर्नुपर्छ । राज्यप्रति नागरिकको वितृष्णा बढ्नुमा राजनीतिक आचरण र भ्रष्ट चरित्र त जिम्मेवार छँदै छ, तर उत्तिकै जिम्मेवार कर्मचारीतन्त्र समेत छ । यसो भन्न हिच्किचाउनु पर्दैन । जेन-जी आन्दोलनले सत्ताबाहिर पुऱ्याइदिएका कांग्रेस-एमाले सरकार समेत बलियो थियो तर कर्मचारीतन्त्र बदल्ने साहस गर्न सकेनन् । न त यत्तिका बर्षसम्म रोकिएको निजामती बिधेयकजस्ता महत्वपुर्ण बिध्येकहरु नै पास गर्न नै सके । बरु घमण्ड र दोषारोपणको राजनीति र युवाको भावना सुन्न नचाहने प्रवृत्तीले आफैं सकिए ।

**केहि तथ्यांक र प्रतिनिधि उदाहरण**

ट्रान्सपेरेन्सी इन्टरनेसनलको भ्रष्टचार अवधारणा सूचकांक (सिपीआई) को सन् २०२५ को प्रतिवेदनमा नेपाल ३४ अंकसहित १०४ औं स्थानमा परेको थियो । त्यस्तै, विधिको शासन सम्बन्धि सर्वेक्षणमा समेत सन् २०२५ मा १४३ देशमध्ये ७२ औं स्थानमा थियो । सर्वोच्च अदालतको न्यायाधीश हरि कृष्ण कार्कीको नेतृत्वमा गठित न्यायालयको बेतिथी अध्ययन प्रतिवेदनमा अदालतमा न्यायाधीश नियुक्तिदेखि नै विकृतिको शुरुआत हुने औंल्याइएको थियो । त्यस्तै, न्यायिक प्रक्रियामा अनियमितता, अनुसन्धान र अभियोजनमा कमजोरी र कानून व्यवसायीको आचरण समेत न्यायालयमा विकृति र विसंगती हुनुको प्रमुख कारण भनिएको थियो । यहि प्रतिवेदनको आधारमा देशको न्यायालय नै भ्रष्ट छ भनेर भन्न डर मान्नुपर्दैन । एक बर्षअघि सांसद वीरेन्द्र महतोले राष्ट्रिय परिक्षा बोर्डको शाखा अधिकृतलाई छोराको प्रमाणपत्रको समकक्षता प्रमाणीकरणका लागि घुस दिनुपरेको समाचार आएको थियो । यो उनले संसदमै बोलेको थिए । कहिले काम गरिदिने नाममा राष्ट्र सेवकले चिया खर्च खोजेजस्तो गर्ने, कहिले सेवाग्राहीलाई सानो कामको लागी समेत दुःख दिने परिपाटीले गर्दा अहिले कर्मचारी भएर निलो कोट लगाए पनि इज्जत नपाइने अवस्था बनेको छ । सुरक्षा निकायमा काम गर्ने कर्मचारीको झन् आफ्नै दुःख छ । अहिले तलब नै चित्त नबुझेर देश छोड्ने समेत बढ्दै छन् । अर्को उदाहरण, यस पंक्तिकार हालै अधिवक्ताको लाइसेन्सको प्रमाणपत्र र प्रशिक्षण लिन नेपाल बार काउन्सिलमा थिएँ । त्यहाँ प्रशिक्षकले समेत अदालतमा खुलमखुल्ला भ्रष्टाचार हुने तथ्य उजागर गरेका थिए । उसो त यस पंक्तिकार आफैं पनि अदालतमा काम र रिटको सिलसिलामा बेलाबखत जाँदा अदालतका कर्मचारीको रुखो रुप र कर्मचारीको आचरणको सिकार भएर बाध्य भएर घुस दिनपरेको अवस्था थियो । केहि समयअघि उदयपुर प्रशासन कार्यालयमा एकजना नागरिकता प्राप्तिको लागी संघर्षरत बहिनीलाई न्याय दिलाउन सर्वोच्चको आदेश लिएर गएको थिएँ । त्यहाँ हामी अधिवक्ताको काम खासै नहुनुपर्ने हो तर आदेश भएपश्चात् पनि उमेरले २४ कटेको बहिनीलाई बुवाको नामबाट नागरिकता दिलाउन प्रशासनले सहजै सहयोग गर्ला भन्ने आश नलाग्नु सरकारी सेवामा नागरिकको विश्वास क्षय भएको उदाहरण हो । सर्वोच्चकै आदेशपश्चात् समेत अनेक संघर्षको बाबजुत वडा कार्यालय र प्रशासन कार्यालय धाएर एक हप्तामा सो बहिनीको नागरिकता दिलाउन सफल त भइयो तर त्यो बहिनीको अझै दुई भाई र आफ्नो दिदीकै समेत नागरिकता नबनेको स्थिती थियो । यधपी, नागरिकताविहिन गराएर जनतालाई सास्ती दिएर सेवाग्राहीले नागरिकता पाइएन भनेर रिट हाल्नुपर्ने अवस्था किन सिर्जना भयो ? त्यो कर्मचारीतन्त्रकै अपरिपक्वताको कारणले हो भनेर समेत बुझ्नु त पऱ्यो । अझै पनी कर-राजस्व तिर्न, लाइसेन्स नविकरणदेखि नागरिकताजस्तो काम गर्न एक दिन नै छुट्टाउनुपर्ने अवस्था छ । त्यति गर्दा समेत काम नहुन हुन्छ । राजश्व बुझाउने काम अनलाइन गर्ने, सेवाग्राहीलाई लाइनमै बस्नुपर्ने झन्झट हटाउने र कम प्रक्रियामुखी भयो भने धेरै सहज हुन्छ । कर्मचारीतन्त्रको केही दृष्टान्त यहिँ हो । **सरकारी सेवा अर्थात् जनता-सरकारबीचको सेतु ?** जनतालाई सरकारसंग जोड्ने सम्बन्ध-सेतु सरकारी सेवा हो । सरकारी कामबाट जनता खुशी भए मात्रै आफूले तिरेको करको सदुपयोग भएको अर्थमा जनताले बुझ्नेछन् । सुशासन अर्थात् असल शासन भएको अनुभुति जनतालाई गराउन कानून राम्रो बनाएर मात्र हुँदैन । राज्य भएको देखाउन समेत सक्नुपर्छ । नागरिक र सरकारविचको सम्बन्ध सरकारी कार्यालयबाट देखिने न हो । जापानमा कर्मचारी बलियो छन् । कानूनको कडा पालना हुन्छ र नियममा चल्छन् । त्यसैले

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## अर्को युद्धपोत समूह इरानतिर अघि बढिरहेको छ : ट्रम्प

*काठमाडौं, १४ माघ ।*

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले एक सार्वजनिक भाषणमा अर्को 'समुद्री युद्धपोत समूह' इरानतिर अघि बढिरहेको बताएका छन् । उनले उक्त कदमलाई अमेरिकी दबाब र सुरक्षा उपायको रूपमा व्याख्या गर्दै भने, "उहाँहरूले पहिले नै सन्धिमा सहमति गर्नु पर्थ्यो, आशा गर्छु अब गर्छन ।" ट्रम्पले यो समूहले आवश्यक परेको खण्डमा सन्धि उल्लङ्घन गर्ने पक्षलाई रोक्न र अमेरिकी सुरक्षालाई सुनिश्चित गर्न रणनीतिक उद्देश्यले तैनाथ गरिएको स्पष्ट पारे । उनले थपे ,'यो समूहले 'सुन्दर तरिकाले' इरानतिर यात्रा गरिरहेको छ, र यसले सम्भावित तनाव नियन्त्रण गर्न सक्ने आशा गरिएको छ ।' अमेरिकी सेनाले पहिले नै युएसएस अब्राहाम लिंकन



एयरक्राफ्ट क्यारियर समूहलाई मध्यपूर्वमा तैनाथ गरेको थियो । विश्लेषकहरूले ट्रम्पको यो वक्तव्य इरानसँगको सम्बन्धमा तनावपूर्ण संकेतको रूपमा व्याख्या गर्न सकिने अनुमान गरेका छन् । यस कदमले अन्तर्राष्ट्रिय सुरक्षा र मध्यपूर्वको राजनीतिक वातावरणमा महत्वपूर्ण प्रभाव पार्न सक्ने भएकाले विश्व समुदायले यसलाई नजिकबाट नजर राखिरहेको छ । ट्रम्पको यो चेतावनीले अमेरिकी नीति र सैन्य रणनीतिका विषयमा पनि अन्तर ाष्ट्रिय ध्यानाकर्षण बढाएको छ ।

## भारतमा निपाह भाइरसका दुई सङ्क्रमण, अवस्था नियन्त्रणमा

*काठमाडौं, १४ माघ ।*

भारतका स्वास्थ्य अधिकारीहरूले पश्चिम बंगाल राज्यमा निपाह भाइरसका दुई सङ्क्रमण पुष्टि भए पनि अवस्था समयमै नियन्त्रणमा ल्याइएको जानकारी दिएका छन् । भारतको स्वास्थ्य मन्त्रालयले मंगलबार राति जारी गरेको विज्ञप्तिमा उन्नत निगरानी, प्रयोगशाला परीक्षण तथा क्षेत्रीय अनुसन्धानमार्फत सङ्क्रमण फैलिन नदिइएको स्पष्ट पारेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार जनावरबाट मानिसमा सर्ने निपाह भाइरसको हालसम्म कुनै खोप उपलब्ध छैन र यसबाट हुने मृत्युदर ४० देखि ७५ प्रतिशतसम्म हुनसक्ने बताइएको छ । यति उच्च जोखिमका बाबजुद पनि हाल देखिएका दुईवटै सङ्क्रमणलाई समयमै नियन्त्रण गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।
मन्त्रालयका अनुसार सङ्क्रमित व्यक्तिहरूसँग सम्पर्कमा आएका १९६ जनाको पहिचान गरी परीक्षण गरिएको छ र सबैको नतिजा नकारात्मक आएको छ ।




"स्थिति निरन्तर निगरानीमा राखिएको छ र आवश्यक सबै जनस्वास्थ्यका उपायहरू कार्यान्वयनमा छन्", विज्ञप्तिमा उल्लेख छ । यद्यपि सङ्क्रमित बिरामीहरूको व्यक्तिगत विवरण सार्वजनिक गरिएको छैन । निपाह भाइरस पहिलो पटक सन् १९९८ मा मलेसियामा सुँगुरबाट किसानहरूमा फैलिएपछि पहिचान गरिएको थियो । भारतमा यसको पहिलो प्रकोप सन् २००१ मा पश्चिम बङ्गालमै देखिएको थियो । पछि सन् २०१८ मा केरलामा फैलिएको निपाहबाट कम्तीमा १७ जनाको मृत्यु भएको थियो भने सन् २०२३ मा सोही राज्यमा दुई जनाको ज्यान गएको थियो । यस भाइरसका प्रारम्भिक लक्षणमा उच्च ज्वरो, बान्ता र श्वासप्रश्वाससम्बन्धी समस्या देखिन्छन् । उनी फरक-फरक समय र विभिन्न सरकारमा गरी सबैभन्दा धेरै अवधिसम्म महाराष्ट्रको उपमुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्ने नेता थिए । स्वास्थ्य विज्ञहरूका अनुसार फल खाने चमेरा निपाह भाइरसका प्राकृतिक वाहक हुन् र विगतका प्रकोपहरूमा पनि उनीहरूलाई मुख्य स्रोतका रूपमा पहिचान गरिएको छ । हालको अवस्थामा पनि सतर्कता अपनाउँदै निगरानी अझ कडा बनाइएको भारतीय स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

## महाराष्ट्रका उपमुख्यमन्त्री अजित पवारसहित पाँच जनाको जहाज दुर्घटनामा मृत्यु



*काठमाडौं, १४ माघ ।*

भारतको महाराष्ट्रका उपमुख्यमन्त्री अजित पवारको विमान दुर्घटनामा निधन भएको छ । उनी ६६ वर्षका थिए । बुधबार बिहान ८:४५ बजे बारामती विमानस्थलमा अवतरण गर्ने क्रममा उनको चार्टर्ड विमान दुर्घटनाग्रस्त भएको हो । दुर्घटनामा अजित पवारसहित उनका सुरक्षाकर्मी, दुई पाइलट र एक परिचारिकासहित ५ जनाको ज्यान गएको छ । पवार महाराष्ट्र पञ्चायत चुनावका लागि बारामतीमा आयोजना गरिएको जनसभालाई सम्बोधन गर्न जाँदै थिए । महाराष्ट्र उड्डयन विभागका स्रोतहरूका अनुसार विमान बारामती विमानस्थलमा अवतरणका लागि अप्रोच गरिरहेको थियो ।

पहिलो प्रयासमा पाइलटले रनवे स्पष्ट देखिन नसकेपछि विमानलाई पुनः उचाइमा लगेका थिए । त्यस समयमा भिजिबिलिटी करिब २ हजार मिटर रहेको बताइएको छ । पहिलो प्रयास असफल भएपछि रनवे-११ मा दोस्रोपटक अवतरण गर्ने प्रयास गरियो । यही क्रममा विमान रनवेबाट चिप्लिएर दुर्घटनाग्रस्त भयो । जहाजमा तुरुन्तै आगलागी भएर जलेको छ । दुर्घटनापछि घटनास्थलमा विमानको भग्नवाशेष र आगोको लप्का देखिएको थियो ।
अवतरणका क्रममा पाइलटले कुनै आपतकालीन संकेत दिएका थिएनन् । 'मेडे' कल पनि गरिएको थिएन । घटनाका बेला बारामतीको फ्लाइङ क्लबबाट कुनै पनि विमान उडानमा थिएनन् ।

**नेपाल पोष्ट डेली**
**ई -पेपरका**
**लागि स्क्यान गर्नुहोस्**

## चुनाव : एक............

जनतालाई केवल भ्रममा राख्ने, अभिनयमार्फत मात्रै जित सुनिश्चित गर्ने अभ्यास गरिरहेका छन् । यसले उनीहरूको वास्तविक क्षमता वा जनताको समस्याप्रति गम्भीरता देखाउँदैन । विदेशी नेताको नक्कल गर्दै आफ्नो छवि सुदृढ पार्ने अभ्यास पनि अब सामान्य दृश्य बनेको छ । यसरी, नेताहरूको चुनावी अभियान केवल प्रदर्शन र सामाजिक सञ्जाल पोस्टसम्म सीमित हुने गरेको छ । जबकि जनताको वास्तविक समस्या भने नसुल्झिएरै रहन्छ । हामीले बुझ्नुपर्छ– नेतृत्वको अर्थ केवल अभिनय र प्रचारमा सीमित छैन । नेतामा योजना बनाउने, स्रोत जुटाउने र कार्यान्वयन गर्न सक्ने क्षमता हुनु जरुरी छ । जनताको विश्वास वाचा र दृश्यबाट मात्रै बनेको हुँदैन, बरु वास्तविक काम र परिणामले बनाउँछ । यस्तो नेता, जसको स्मरणशक्ति बलियो छ, मनोबल दृढ छ अनि जनताको सेवा गर्नु आफ्नो धर्म र कर्तव्य ठान्छ, ऊ नै देश विकासमा स्थायी योगदान पुऱ्याउन सक्षम हुन्छ । हामीलाई चाहिएको छ, सपना होइन-यथार्थमा आधारित योजना, राजनीतिक शोभा होइन-परिणाममुखी कार्य, नक्कली अभिनय होइन-जनताको सेवा गर्ने प्रतिवद्धता यही आधारमा हामी देशको भविष्य निर्माण गर्न सक्छौं । यस नाटकको माहोलमा म यथार्थमा टेकिएको, यथार्थकै भूमिमा यथार्थकै बाली फलाउने नेताको खोजीमा छु । तपाईंहरू पनि सायद यस्तै चाहना बोकेर यो चुनावी उत्सवमा सहभागी हुन खोज्दै हुनुहुन्छ पक्कै ।'देश चलाउँछु, आफू निर्वाचित भएको क्षेत्रका समस्या समाधान गर्छु' भन्नुपर्ने समयमा हाम्रा नेताहरू के गरिरहेका छन् ? यही प्रश्नले हरेक सचेत नागरिकलाई निसासिने बनाएको छ । अब समय आएको छ- नागरिकले मात्र होइन, कार्यकर्ताले पनि आफ्ना नेतासँग पहिलो प्रश्न सोध्ने– हाम्रो निर्वाचन क्षेत्रमा समस्या के-के छन् ? त्यसको समाधान के हो ? स्रोत कहाँबाट आउँछ ? स्रोतबिनाका सपना कसैलाई चाहिँदैन । हामी सपनाको महलमा होइन, यथार्थको खुला आँगनमा जीवन जिउन चाहन्छौं । साभार ईकान्तिपुर ।

## कर्मचारीतन्त्रमा.........

राजनीतिक अस्थिरताले जापानलाई कमजोर बनाएको छैन । हाम्रोमा कर्मचारी बलियो भए पनी कार्यशैली र व्यवहार दुःख दिने खालको छन् । प्रक्रियागत कुरामा जोड दिने तर परिणाममा जोड नदिने खालका छन् ।

युवालाई कसरी सरकारी निकायसंग जोड्ने ठोस योजना ल्याउने कुरा पुर्व मुख्यसचिवले ल्याउन खोजे पनि सेलाएको छ । सरकारी कार्यालयमा स्नातक गरेकोलाई पेड इन्टर्न राख्नु राम्रो हुन्छ ।

अहिले आम सेवाग्राहीले कर्मचारी भ्रष्ट हुन्छन् भन्ने बुझेका छन् । त्यसैले पैसा दिएपछि जस्तो काम समेत भइहाल्छ भन्ने अर्थमा विभिन्न गैरकानुनी काम गर्न र गराउन प्रोत्साहित गर्ने परिपाटी छ । युवाहरुका लागि त झन् सरकारी काम झन् असहज देखिन्छ ।
एकातिर एउटा निवेदन लेख्न पनि सकेनन् भनेर जिस्काउने, अर्कोतर्फ कुन सरकारी काम गर्न कसरी निवेदन लेख्ने र के गर्दा के गर्नुपर्छ के-कति कागज-प्रमाण जुटाउनुपर्छ भनेर सूचना सम्प्रेषण गर्न समेत सरकारी कार्यालय चुकेको अवस्था छ । साभार ईकान्तिपुर ।

## सशस्त्र प्रहरी बल........


गर्ने उद्देश्यले सञ्चालन गरिएको यस तालिमले सीमावर्ती समुदायसँग सशस्त्र प्रहरीको सम्बन्ध थप सुदृढ बनाउने विश्वास आयोजकले व्यक्त गरेका छन् ।

## चुनावी मौसममै..........

सेवाको गुणस्तर जस्ता विषयलाई अहिले आएर उठाउनु चुनावी रणनीति मात्र भएको स्थानीयको बुझाइ छ । कोल्ड स्टोर, अनुगमन र संरचना सुधारजस्ता योजना व्यवहारमा कसरी लागू हुन्छन् भन्नेबारे रुगटाले ठोस खाका प्रस्तुत गर्न नसकेको आलोचना भइरहेको छ । खानेपानी, सडक र सिँचाइमा नेतृत्वको इच्छाशक्ति अभाव भएको आरोप लगाउँदै आएका रुगटामाथि भने स्वयंले कहिल्यै जनआन्दोलन, दबाब वा विकास पहलमा नेतृत्व नलिएको प्रश्न उठेको छ । चुनावी समयमा मात्रै देखिने र भाषणमुखी राजनीति पर्सा-१ का जनताले अब स्वीकार नगर्ने संकेत देखिन थालेको छ ।

# स्वास्थ्य

## महिलामा पिसाबको संक्रमण किन धेरै हुन्छ ?



एक अध्ययनअनुसार अमेरिकामा हरेक वर्ष करिब डेढ लाख मानिसलाई पिसाबसम्बन्धी समस्याले सताउँछ । विश्वभर हरेक वर्ष करिब डेढ करोड मानिसले यसको उपचार गराउँछन् । पिसाबथैली सुन्निनुलाई चिकित्सकीय भाषामा 'सिस्टिटिस' भनिन्छ । यसलाई युरिनरी ट्र्याक्ट इन्फेक्सन अर्थात् यूटीआई भनिन्छ, जुन धेरैजसो अवस्थामा ब्याक्टेरियाबाट हुने संक्रमणले हुन्छ । यो तब हुन्छ जब पिसाबथैली (मूत्रमार्ग) र यसको पाइप (ट्र्याक्ट) संक्रमित हुन्छ । यूटीआई सामान्य रोग हो । यो नवजात शिशुदेखि वृद्धवृद्धासम्म जुनसुकै उमेरका व्यक्तिलाई लाग्न सक्छ । अध्ययनले के निष्कर्ष निकालेको छ भने यूटीआई पुरुषमा भन्दा महिलामा बढी देखिन्छ । महिलामा यसको संक्रमण हुने सम्भावना ६० प्रतिशत हुन्छ भने पुरुषमा १३ प्रतिशत मात्रै । एक जना गृहिणीले घरको कामले गर्दा आफ्नो स्वस्थमा ध्यान दिन नसकेको बताएकी छन् । जसकारण बारम्बार पिसाब पोल्ने समस्या झेल्दै आएको उनी सुनाउँछिन् ।

त्यसपछि औषधि खाएर करिब एक महिना निको भएको जस्तो भयो र पछि फेरि बल्झिएको उनले बताइन् । यसपछि योग, प्राणायाम गर्दा अहिले राहत मिलेको उनको अनुभव छ ।
३७ वर्षीया शिक्षिकाले बारम्बार पिसाब पोल्ने समस्या भोग्दै आएको बताएकी छन् । विद्यालयमा शौचालयको राम्रो व्यवस्था नभएपछि सरसफाइमा ध्यान दिने वातावरण नहुँदा यस्तो समस्या भोग्नुपरेको उनी सुनाउँछिन् । त्यसक्रममा आफूलाई सुरुसुरुमा अलिअलि पेट दुखेको र पछि एकदमै धेरै दुख्न थालेको उनले सुनाइन् । विद्यालयमा हाफ छुट्टी लिएर जाँच गराएर एन्टीबायोटिक सेवन गरेपछि आराम मिलेको उनको अनुभव छ । **महिलामा यूटीआईको समस्या धेरै हुनुको कारण**

मूत्रनली वा पिसाबथैलीमा व्याक्टेरियाको संक्रमणले यूटीआईको समस्या हुन्छ । यो महिला र पुरुष दुवैलाई हुन सक्छ । शारदा मेडिकल कलेज ग्रेटर नोएडाका सिनियर रजिस्टर्ड चिकित्सक तनुज लवानियाका अनुसार पुरुषमा भन्दा महिलामा यसको सिस्टिटिस हुने सम्भावना बढी हुन्छ । 'महिलाको मूत्रमार्ग पुरुषको तुलनामा सानो हुन्छ । लगभग २० सेमीमिटर,' डा. लावानिया भन्छन्, 'जब महिलामा ब्याक्टेरियाको संक्रमित हुँदा व्याक्टेरिया पिसाबथैलीबाट भित्र छिर्ने सम्भावना बढी हुन्छ । त्यसैले १० प्रतिशत महिलालाई कम्तीमा एकचोटि सिन्टिटिस हुन्छ । धेरैजसो बारम्बार भइरहने समस्या हुन्छ ।' युनिभर्सिटी कलेज लण्डनको सेन्टर फर युरोलोजिकल बायोलोजीकी प्रमुख जेनिफर रोन भन्छिन्, 'यदि यूटीआईलाई बेवास्ता गरियो भने संक्रमण मिर्गौलामा फैलिन सक्छ । यूटीआई सामान्यतया ई. कोली ब्याक्टेरियाको संक्रमणको कारणले हुन्छ, यद्यपि अन्य धैरै ब्याक्टेरिया पनि संक्रमणको कारण हुन सक्छ ।' **यूटीआईको लक्षण**
डा. तनुजका अनुसार महिलामा धैरै लक्षण हुन सक्छ ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
**करैयामाई गाउँपालिकाकोकार्यालय**
**करैया, बारा**

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# कांग्रेस सभापति थापा मधेश झरेपछि चर्कियो चुनावी प्रतिस्पर्धा



**जनकपुर,१४ माघ ।**

नेपाली कांग्रेसका सभापति गगन थापा सर्लाही-४ बाट प्रतिनिधिसभा निर्वाचनमा होमिएसँगै मधेशको चुनावी तापक्रम एकाएक बढेको छ । काठमाडौं-४ बाट लगातार तीन पटक विजयी भइसकेका थापाले 'कोर मधेश' मानिने सर्लाही-४ रोज्नुले राष्ट्रिय राजनीतिमा समेत चासो बढाएको छ । को निर्वाचनमा कांग्रेसले सर्लाहीका कुनै पनि क्षेत्रमा जित नहासिल गरेको पृष्ठभूमिमा थापाको यो निर्णयलाई साहसिक र जोखिमपूर्ण दुवैका रूपमा हेरिएको छ । उक्त निर्वाचनमा स्वतन्त्र उम्मेदवार बनेका अमरेशकुमार सिंहले कांग्रेस-माओवादी गठबन्धनलाई पराजित गर्दै सर्लाही-४ जितेका थिए । यसपालि भने अमरेश राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारका रूपमा मैदानमा छन् । थापा यस क्षेत्र रोज्नुको कारण समग्र देश बुझ्न मधेशमा 'डुब्नुपर्ने' आवश्यकता रहेको बताउँछन् । "पहाडमा हुर्किएको मान्छे हुँ । मधेशलाई नबुझी राष्ट्रिय दृष्टिकोण बनाउन सकिँदैन," उनले बताएका छन् । मधेशको शिक्षा सुधार, सूचना प्रविधिमैत्री शिक्षा र स्वदेशमै रोजगारी सिर्जनालाई प्राथमिकतामा राखेर सर्लाही-४ आएको उनको भनाइ छ । तर, सर्लाही-४ को राजनीतिक इतिहास सरल छैन । अमरेश सिंह, शिवपूजन राय यादव, महन्थ ठाकुरजस्ता नेताहरूको शक्ति संघर्ष, विगतका चुनावमा भएका हिंसात्मक घटना, जातीय समीकरण र दलगत फुटले यो क्षेत्र सधैं पेचिलो रहँदै आएको छ । अमरेश सिंह २०७९ मा स्वतन्त्र उम्मेदवारका रूपमा विजयी भए पनि यस पटक पुराना समर्थकहरू टाढिँदै गएको देखिन्छ । अर्कोतर्फ, रास्वपा प्रवेशसँगै युवामाझ उनको प्रभाव कायमै रहेको कतिपयको आकलन छ । समानान्तर रूपमा एमाले, स्वतन्त्र उम्मेदवारहरू र पारिवारिक राजनीतिक सञ्जालसमेत चुनावी समीकरणमा सक्रिय छन् । सर्लाही-४ मा १ लाख २१ हजारभन्दा बढी मतदाता छन् । यादव, दलित, कुशवाहा, मुस्लिम, सिंह (राजपुत) लगायत समुदायको मिश्रित बसोबास रहेको यो क्षेत्रमा जातीय र स्थानीय समीकरणले निर्णायक भूमिका खेल्ने गर्दछ । कांग्रेस सभापति स्वयं उम्मेदवार भएपछि पार्टी संगठन पनि सक्रिय बनेको छ । कांग्रेस नेताहरूले हराएका कार्यकर्ता फर्किएको दाबी गर्दै यो पटक परिणाम फरक हुने आशा व्यक्त गरिरहेका छन् । विगतमा हिंसात्मक रूपमा चिनिएको सर्लाहीको चुनाव अहिले भने तुलनात्मक रूपमा शान्त बन्दै गएको स्थानीय बताउँछन् । प्रहरीले यस पटक उच्च सुरक्षा सतर्कता अपनाइने जनाएको छ । मधेशको प्रतिनिधित्व, राष्ट्रिय नेतृत्वको महत्वाकांक्षा र स्थानीय शक्तिसन्तुलनबीच गगन थापा, अमरेश सिंहलगायत उम्मेदवारको प्रतिस्पर्धाले सर्लाही-४ लाई यस निर्वाचनको सबैभन्दा चासोको क्षेत्रमध्ये एक बनाएको छ ।

# मधेस प्रदेशमा ५८ जना जेन-जी युवा चुनावी प्रतिस्पर्धामा



**जनकपुर,१४ माघ ।**

आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा मधेस प्रदेशबाट ५८ जना जेनजी पुस्ताका युवा उम्मेदवार बनेका छन् । निर्वाचन आयोगको तथ्याङ्क अनुसार तीमध्ये दुईजना महिला र ५६ जना पुरुष रहेका छन् । आयोगका अनुसार जेनजी पुस्ताका उम्मेदवारमध्ये ४१ जना स्वतन्त्र र १७ जना विभिन्न राजनीतिक दलबाट चुनावी मैदानमा उत्रिएका हुन् । युवाको बढ्दो राजनीतिक सक्रियताले यसपटकको निर्वाचनलाई थप रोचक बनाउने विश्वास गरेको छ । दलगत रूपमा हेर्दा उज्यालो नेपाल पार्टी र जनमत पार्टीले ३-३ जना जेनजी पुस्ताका युवालाई उम्मेदवार बनाएका छन् । श्रम संस्कृति पार्टीले दुईजना युवा उम्मेदवार उठाएको छ । यसैगरी नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल कम्युनिस्ट पार्टी, आम जनता पार्टी, जन अधिकार पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी र नेपालका लागि नेपाली पार्टीले एक-एक जना जेनजी पुस्ताका युवालाई उम्मेदवार बनाएका छन् । उज्यालो नेपाल पार्टीले सिराहा क्षेत्र नम्बर ३ बाट २६ वर्षीय सर्वन पासवान, महोत्तरी १ बाट २८ वर्षीय मनोज कुमार गुप्ता र रौतहट २ बाट २५ वर्षीय रामाकान्त प्रसाद पटेललाई उम्मेदवार बनाएको छ । जनमत पार्टीले महोत्तरी १ बाट २७ वर्षीय वीरेन्द्र महतो, रौतहट २ बाट २८ वर्षीय सोनु कुस्वाहा र रौतहट ४ बाट २८ वर्षीय राम कल्याण राउतलाई उम्मेदवार बनाएको छ । श्रम संस्कृति पार्टीले सिराहा क्षेत्रबाट २६ वर्षीय पंकज कुमार ठाकुर र पर्सा १ बाट २८ वर्षीय वसिम शेषलाई उम्मेदवार बनाएको छ । नेकपा एमालेले सर्लाही ४ बाट पूर्व सांसद शिव पूजन यादवको छोरा २७ वर्षीय कम्युनिस्ट कुमार यादवलाई उम्मेदवार बनाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले सिराहा १ बाट युवा तथा खेलकुद मन्त्रीसमेत भइसकेका २८ वर्षीय बब्लु गुप्तालाई उम्मेदवार बनाएको छ । नेकपाले बारा ४ बाट २७ वर्षीय अजय कुशवाहालाई उम्मेदवार बनाएको छ । यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरी २ बाट २७ वर्षीय अजयकुमार दास र नेपाल मजदुर किसान पार्टीले सोही क्षेत्रबाट निलम कुमारी यादवलाई उम्मेदवार बनाएको हो ।

यसपटक निर्वाचनमा जिन्जी पुस्ताको उल्लेखनीय सहभागिताले मधेस प्रदेशको राजनीतिक नेतृत्वमा पुस्तान्तर संकेत दिएको युवा विश्लेषक रन्धीर चौधरीले बताए । उनका अनुसार युवाको उपस्थितिले पुराना राजनीतिक अभ्यासमा परिवर्तन ल्याउने विश्वास गरिएको छ ।

# फागुन २१ को निर्वाचनका लागि १९ अर्ब २१ करोड रुपैयाँ निकासा

**काठमाडौं, १४ माघ ।**

आगामी फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि अर्थ मन्त्रालयले अहिलेसम्म १९ अर्ब २१ करोड रुपैयाँ निकासा गरेको छ । यो रकम निर्वाचन व्यवस्थापन र सुरक्षा सुनिश्चित गर्न विभिन्न निकायलाई विनियोजन गरिएको हो । अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयका अनुसार गृह मन्त्रालयलाई १० अर्ब ३९ करोड, रक्षा मन्त्रालयलाई १ अर्ब ९९ करोड र निर्वाचन आयोगलाई ६ अर्ब ७२ करोड रुपैयाँ निकासा गरिएको छ । पछिल्ला दुई निर्वाचनको तुलनामा सुरक्षा खर्चको अनुपात बढी देखिएको छ । २०७९ को स्थानीय तह र प्रतिनिधि सभा/प्रदेश सभा निर्वाचनमा कुल २८ अर्ब ५८ करोड रुपैयाँ खर्च भएको थियो, जसमा गृह तथा रक्षा मन्त्रालयको खर्च निर्वाचन आयोगको भन्दा बढी थियो । यस पटक पनि गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका लागि क्रमिक रूपमा बजेट विनियोजन भइरहेको छ । सुरक्षा निकायका लागि करिब २० अर्ब रुपैयाँ विनियोजन प्रस्ताव गरिएको र निर्वाचन प्रहरी, जवान, पोसाक, भत्ता र यातायात खर्चका लागि पर्याप्त रकम सुनिश्चित हुने जनाएको छ । अर्थ मन्त्रालयले आगामी निर्वाचनमा करिब २५ अर्ब खर्च हुने अनुमान गरेको छ । यसैबीच निर्वाचन आयोगले आफ्नो प्रशासनिक खर्चमा मितव्ययिता अपनाउँदै करिब २० प्रतिशत बजेट फिर्ता गर्ने तयारी गरेको छ ।

# सशस्त्र प्रहरी बल पर्साद्वारा आयोजित सातदिने केश कतरन तालिम सम्पन्न

**बीरगन्ज, १४ माघ ।**

सशस्त्र प्रहरी बल, नेपाल पर्साको आयोजनामा "सीमाबासीसँग सशस्त्र प्रहरी" कार्यक्रमअन्तर्गत सञ्चालन गरिएको सातदिने केश कतरन तालिम सफलतापूर्वक सम्पन्न भएको छ । पर्सा जिल्लाको पकाहाँमैनपुर गाउँपालिका वडा नम्बर-०४ लहावरथकरीस्थित सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म मुख्यालयमा सुरु भएको तालिम समापन गरिएको हो ।

तालिम समापन कार्यक्रममा सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण मुख्यालय पर्साका गणपति सशस्त्र प्रहरी उपरीक्षक पुरन चन्द्र भट्ट प्रमुख अतिथिका रूपमा उपस्थित रहनुभएको थियो । कार्यक्रममा सीमा सुरक्षा गुल्म लहावरथकरीका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक लोकनाथ उप्रेती, पकाहाँमैनपुर गाउँपालिका वडा नम्बर-०४ र ०५ का वडाध्यक्ष तथा वडा सदस्यहरू, सीमा सहजीकरण समिति लहावरथकरीका सदस्यहरू लगायतको उपस्थिति रहेको थियो । तालिममा पकाहाँमैनपुर गाउँपालिका वडा नम्बर-०४ का १५ जना स्थानीय सहभागींलाई केश कतरनसम्बन्धी व्यावहारिक सीप प्रदान गरिएको थियो । तालिम समापनपछि पकाहाँमैनपुर गाउँपालिकासँगको सहकार्यमा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गर्नुका साथै प्रत्येकलाई कपाल काट्ने सामग्रीको एक-एक सेट वितरण गरिएको थियो । स्थानीय स्तरमा सीप विकास र स्वरोजगार प्रवर्द्धन

बाँकी तेश्रो पृष्ठमा⇨

# १७ लाख मूल्यको चाँदीसहित वीरगन्जका युवक काठमाडौंमा पक्राउ

**बीरगन्ज, १४ माघ ।**

काठमाडौंमा करिब १७ लाख रुपैयाँ बराबरको चाँदीसहित वीरगन्जका एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा वीरगन्ज महानगरपालिका वडा नम्बर-१६ का २५ वर्षीय किसन साह रहेका छन् । प्रहरीका अनुसार वीरगन्जबाट काठमाडौंतर्फ जाँदै गरेको म.प्र.०१-००१ ख ७७२१ नम्बरको यात्रुबाहक बसलाई काठमाडौंको थानकोट क्षेत्रमा रोकी चेकजाँच गर्दा साहको साथबाट २ किलो ५०० ग्राम चाँदी बरामद गरिएको हो । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो कि बरामद चाँदीको बजार मूल्य करिब १६ लाख ९० हजार रुपैयाँ रहेको छ । प्रहरीले साहलाई नियन्त्रणमा लिएर बरामद



चाँदीको स्रोत र ओसारपसारको उद्देश्य खुलाउन थप अनुसन्धान अघि बढाएको जनाएको छ ।

# रौतहटमा नक्कली भारतीय नोटसहित दुई भारतीय नागरिक पक्राउ

**रौतहट, १४ माघ ।**

रौतहट जिल्लामा नक्कली भारतीय रुपैयाँसहित दुई जना भारतीय नागरिक पक्राउ परेका छन् । सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म हेडक्वाटर गौरले भारतबाट नेपालतर्फ आउँदै गरेका दुई जनालाई शङ्कास्पद अवस्थामा जाँच गर्दा नक्कली जस्तो देखिने भारतीय नोट बरामद गरेको हो । पक्राउ पर्नेमा भारतको



बिहार राज्य अन्तर्गत सितामढी जिल्ला पर्सौनीका ४२ वर्षीय राकेश कुमार साह र सितामढी शिवहर परिषद-४ का ३० वर्षीय विक्रम कुमार पासवान रहेका छन् । उक्त जानकारी सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म हेडक्वाटर गौरका सशस्त्र प्रहरी नायब उपरीक्षक प्रेम सागर बिष्टले दिएका छन् । गौर नगरपालिका-२ महादेवपट्टीस्थित सीमा क्षेत्रमा खटिएको चेकप्वाइन्ट टोलीले बीआर-३० एएफ-५७३१ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई जाँच गर्ने क्रममा पाँच सय दरको एक थान र दुई सय दरका दस थान गरी जम्मा २ हजार ५ सय रुपैयाँ बराबरका नक्कली जस्तो देखिने भारतीय नोट बरामद गरेको प्रहरीले जनाएको छ । त्यसैगरी उनीहरूको साथबाट सक्कली भारतीय रुपैयाँ १ सय ७७, एक थान मोटरसाइकल र दुई थान एन्ड्रोइड मोबाइलसमेत बरामद गरिएको छ । पक्राउ परेका दुवै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय रौतहटमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।


## माइग्रेशन हराएको सूचना

उपरोक्त सम्बन्धमा जिल्ला पर्सा पोखरीया नगरपालिका निवासी श्रीजना गुप्ताले श्री जिल्ला उच्चांगल रामदेव कलवार माद्यमिक विद्यालय पोखरीया पर्साबाट मिति २०८१ सालमा कक्षा ११ र १२ पास गरी उक्त कक्षाको Registration Number 802340120015 Migration Serial Number 1422638 भएको सक्कल **Migration Certificate** निकाली साथमा राखि रहेको अवस्थामा मिति २०८२ ।१० ।०६ गतेका दिन पोखरीयाबाट बीरगन्ज आउने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा जिल्ला पर्सा पोखरीया नगरपालिका निवासी श्रीजना गुप्ताको मोवाईल नं. ९८०१९०५७६२ मा सम्पर्क गरी सहयोग गरी दिनहुन हार्दिक अनुरोध छ ।

## माइग्रेशन हराएको सूचना

उपरोक्त सम्बन्धमा जिल्ला पर्सा बहुदरमाई नगरपालिका वडा नं३ निवासी राधा साहले बीरगन्ज पर्बलिक माद्यमिक विद्यालय पर्साबाट मिति २०८१ सालमा कक्षा ११ र १२ पास गरी उक्त कक्षाको Registration Number 802340050449 भएको सक्कल **Migration Certificate** मिति २०८२ ।०९ । ११ गतेका दिन बीरगन्ज क्लेज बाट सुरेश आयल निगमको गलीका आउने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा जिल्ला पर्सा बहुदरमाई नगरपालिका वडा नं३ निवासी राधा साहको मोवाईल नं. ९८५११८६९१० मा सम्पर्क गरी सहयोग गरी दिनहुन हार्दिक अनुरोध छ ।

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा